# मानेभन्ज्याङ गाउँपालिका

## १ नं. प्रदेश, ओखलढुंगा

# स्थानीय राजपत्र

खण्डः २ संख्याः१३ मितिः२०७९/१०/०३

## स्थानीय तहमा नदीजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा) उत्खनन, संकलन र बिक्री वितरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९

ऐन प्रमाणीत गर्ने

ज्ञानेन्द्र रुम्दाली

अध्यक्ष

प्रमाणिकरण मिति २०७९/०९/२९

# मानेभन्ज्याङ गाउँपालिकाकोनदीजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा) उख्नन, संकलन र विक्री वितरण सम्बन्धि ऐन, २०७९

## गाउँसभावाट पारित मितिः २०७९/०९/२९

१. प्रस्तावनाः

मानेभन्याङ गाउँपालिका क्षेत्र भित्र रहेको **दुधकोशी, सुनकोशी, मोलुङ्खोला, भँडारे खोलार पंखुखोला**बाट वालुवा, ढुंगा, गिटी, वालुवाको उत्खनन, संकलन तथा विक्रि वितरणलाई व्यावस्थित गरि पर्यावरणीय जोखिमलाई न्यूनिकरण गर्दै विकास निर्माणकोआवश्यक्ता समेत पुरा गर्न कानून बनाउन वाञ्छनीय भएकोले मानेभन्ज्याङ गाउँपालिकाको गाउँसभाले यो ऐन बनाई लागु गरिएको छ।

२. परिभाषाः

विषय बा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्ययोजनामा-

(क) "ऐन" भन्नाले मानेभन्ज्याङ गाउँपालिकाको नदिजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा) उत्खनन, संकलन र विक्री वितरण सम्बन्धि ऐन २०७९ लाई सम्झनु पर्छ ।

(ख) "गाउँसभा" भन्नाले मानेभन्ज्याङ गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ ।

(ग) "अनुगमन समिति" भन्नाले यस ऐनको दफा ८(१) मा उल्लेखित गाउँपालिका स्तरीय अनुगमन सम्झनु पर्दछ ।

(घ) "अध्यक्ष" भन्नाले मानेभन्ज्याङ गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ङ) "गाउँपालिका" भन्नाले मानेभन्ज्याङ गाउँपालिका सम्झनु पर्दछ ।

(च) "कार्यपालिका" गाउँकार्यपालिकाकोकार्यपालिका सम्झनु पर्दछ ।

(छ) "घाटगद्दी" भन्नाले ढुंगा, गिटी, बालुवा, माटो, चटान, दहत्तर, वहत्तर संकलन वा उत्खनन भएको स्थानलाई जनाउँदछ ।

(ज) "नदीजन्य पदार्थ" भन्नाले मानेभन्ज्याङ गाउँपालिका क्षेत्रको सार्वजनिक वा सरकारी जग्गा वा नदीमा उपलब्ध भएको बहुमुल्य पत्थर, ऐतिहासिक र सांस्कृतिक महत्वका शालिग्राम, शिला, अति मुल्यवान वस्तुवाहेकका ढुंगा, गिटी, वालुवा, रोडा, ग्रेगान, माटो, जस्ता पदार्थ सम्झनु पर्छ ।

(झ) "इ.आइ.ए." भन्नाले वातावरणीय प्रभाव मुल्यांकन भन्ने बुझिन्छ ।

३. ऐनको उद्देश्यः

(१) नदीजन्य पदार्थको उत्खननलाई ब्यवस्थित बनाउने ।

(२) प्रदेश सरकार तथा नेपाल सरकारबाट भए गरेका निर्णय कार्यान्वयन गर्ने र गराउने ।

(३) विकास निर्माणको लागि एवं स्थानिय उपभोक्तालाई नदीजन्य पर्दा (ढुंगा, बालुवा, माटो, चटान, दहत्तर, बहत्तर) सुलभ र दीगो रुपमा उपलब्ध गराउने ।

(४) विकास र पर्यावरण बीच सन्तुलित सम्बन्ध कायम राख्ने ।

(५) ढुंगा, गिटी, बालुवा, माटो, चटान, दहत्तर, बहत्तर विक्री वितरण गरी दीगो आन्तरिक स्रोतको व्यवस्था गर्ने ।

४. उत्खनन गर्न हुने र नहुने क्षेत्रहरुः

(१) इ. आइ. ए. मा उल्लेखित क्षेत्रबाट ढुंगा, गिटी, बालुवा, माटो, चटान, दहत्तर, बहत्तर गर्ने व्यवस्था मिलाउनु पर्ने छ तर हालको नदीको वहाब तथा जोखिमको आधारमा गाउँस्तरीय अनुगमन समितिले यस्तो क्षेत्रलाई थपघट गर्न सक्ने छ।

५. नदीजन्य पदार्थ उत्खनन्

(१) उत्खनन हुने परिमाण एकिन गर्दा अनुगमन समिति, गाउँपालिकाको जनप्रतिनिधि, प्राविधिक कर्मचारी तथा स्थानीय बासिन्दाको रोहवरमा चौकिल्ला निर्धारण गरि निकालिने परिमाण र उत्खनन गरिने गहिराई समेत जानकारी गराई सिमांकन गर्नु पर्दछ ।

(२) उत्खनन पश्चात समेत के कति परिमाण निकालेको रहेछ भनी नापजाँच गर्न मिल्ने गरी निशाना लगाई निर्धारित परिमाण भन्दा बढी उत्खनन गर्न नपाउने सांध, किल्ला र निशानाका आधारमा परिमाण एकिन गरे पछि मात्र सो घाटबाट उत्खनन कार्यको थलनी गर्नु पर्ने छ। यसरी उत्खनन गरेको सिमाभित्रबाट मात्र उत्खनन कर्ताले नदीजन्य पदार्थ उत्खनन गरी लैजान सक्ने छ ।

(३) उत्खनन गर्दा गाउँपालिकाको प्रतिनिधि वा कर्मचारीको रोहवरमा मात्ररेखांकन गरिएको घाट क्षेत्र भित्रबाट मात्र उत्खनन् गर्नु पर्ने छ ।

(४) यान्त्रीक उपकरण प्रयोग गर्न इ.आइ.ए. मा उल्लेख भएको हकमा भारी यान्त्रिक उपकरण (स्काभेटर) समेत प्रयोग गर्न पाइने छ । नदीको वर्तमान अवस्था, यसले पार्न सक्ने जोखिम समेतलाई विचार गरी आवश्यकताको आधारमा गाउँपालिकास्तरीय अनुगमन सिमितिले इ.आइ.ए. मा उल्लेख गभएता पनि भारी यान्त्रिक उपकरण (स्काभेटर) प्रयोग गर्न अनुमती दिन सक्ने छ । यान्त्रिक उपकरणको प्रयोग गर्न हर्न अनुमती दिने वा नदिने भन्ने अन्तिम निर्णय गाउँस्तरीय अनुगमन समितिको हुने छ ।

(५) नदी जन्य पदार्थ ओसार पसार गर्ने मार्ग अनुगमन समितिले तोके बमोजिम हुने छ

(६) उत्खनन पश्चात छनौट गरि छाडिएको काम नलाग्ने बस्तु जुन स्थलबाट निकालिएको हो सोही स्थलमा लगि छड्नु पर्ने ।

(७) उत्खनन गर्दा तोकिएको गहिराई सम्म खाडल नदेखिने गरि उत्खनन गर्नु पर्ने छ ।

(८) उत्खनन गर्दा इ.आइ. ए. का शर्तका अलवा र अनुगदन समितिले दिएको निर्देशन पालना गर्नु पर्ने छ ।

(९) उत्खनन गर्दा पानिको सतहभन्दा माथी छाड्नु पर्ने छ ।

(१०) उत्खनन स्थलमा काम गर्ने कामदारको लागि अस्थायी शौचालयको प्रवन्ध गरी उत्खनन गरिने परिमाण, चौकिल्ला, उत्खनन विविध गर्नु पर्ने व्यवस्था मिलाउनु पर्ने छ ।

(११) उत्खननको लागि पहिचान भएको घाट नजिक सवैले देख्नेख गरी उत्खनन गरिने परिमाण, चौकिल्ला, उत्खनन विविध र गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क न लगायतका कुरा जानकारी मुलक सुचना बोर्ड तयार गरि राख्नु पर्ने छ ।

६. नदीजन्य पदार्थको ओसार पसार गर्ने विधिः

नदीजन्य पदार्थ ओसार पसार गर्ने ढुवानीकर्ताले देहाय बमोजिम गर्नु पर्ने छः

(१) नदी प्रवेश आदेश लिइ उत्खनन गरिने घाटमा प्रवेश गरी नदीजन्य पदार्थ लोड भएका सवारी साधनहरुले ढुवानी अवधि भर नदी प्रवेश आदेश र राजश्व आदेश र राजश्व तिरेको निस्सा साथमा लिएर मात्र ओसार पसार गर्नु पर्ने छ ।

(२) नदीजन्य पदार्थ ढुवानी गरि लैजाने सवारी साधनले पटकै पिच्छे पटके नदी प्रवेश आदेश र राजश्व तिरेको प्रमाणमा सवै विवरण स्पष्टसंग भर्न लगाइ लिनु पर्ने छ पटके आदेशमा उल्लेखित (मिति, समय सवारी नं., ढुवानी गरी लैजाने स्थल, परिमाण, पदार्थको प्रदार उल्लेख गर्नु पर्ने छ ।

(३) नदीजन्य पदार्थ उत्खनन भएको स्थानबाट ओसार पसार गर्ने समय विहान ६.०० बजे साझ ६.०० बजे सम्म हुने छ ।

(४) नदीजन्य पदार्थ ढुवानी गर्दा टेक्टर र २५० घन फिट सम्मको ढक । ठिपर मात्र प्रयोग गर्न दिने सो को अनुगमनको प्रवन्ध अनुगमन समिति र स्थानिय प्रहरीले गर्ने ।

(५) नदीजन्य पदार्थ ढुवानी गर्ने साधनले उत्खनन स्थलबाटै ढाकेर लैहानु पर्ने छ र २५ कि.मि. प्रति घण्टा भन्दा बढी गतीमा सवारी साधन गुडाउन पाइने छैन ।

(६) धुलो उड्न नदिन नियमित पानी छर्कने व्यवस्था उत्खनन कर्ताले गर्ने छ ।

७. उत्खनन परिमाण नियन्त्रण गर्नेः

उत्खनन गर्न निर्धारण गरिएको स्थलमा स्वीकृत परिमाण भन्दा बढी उत्खनन हुन नदिन देहाय बमोजिम गर्नेः

(१) अनुगमन समितिले निर्धारण गरेको घाट र परिमाणको सिमा भित्र रही उत्खनन आदेश दिनु पुर्व प्राविधिकबाट गरिएको नापजाँच तथा रेखांकनका आधारमा पहिलो पटक उत्खनन गर्न दिने।

(२) दैनिक उत्खनन गरिएको नदीजन्य पदार्थको दैनिक अभिलेख राख्ने ।

(३) दैनिक उत्खनन तेरिज तयार गरि गाउँपालिकामा पठाउने र गाउँकार्यपालिका कार्यालयले त्यसको अभिलेख राख्ने व्यवस्था गर्ने ।

८. अनुगमन सम्बन्धि व्यवस्थाः

(१) इ.आइ.ए. वा आइ.इ.इ. प्रतिवेदनको पालना, उत्खनन परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण लगाएतका कार्यहरुको अनुगमन गर्न देहाय बमोजिम गाउँस्तरीय एक अनुगमन समिति रहने छ।

क) गाउँपालिका अध्यक्ष संयोजक

ख) कम्तिमा दुई महिला सहित तीन जना कार्यापालिका सदस्य,सद्स्य

ग) स्थानीय नेपाल प्रहरी प्रतिनिधि एक जना, सदस्य

घ) गाउपालिकाको प्रविधिक कर्माचारी, सदस्य

(२) अनुगमन समितिले जुन सुकै वेला अनुगमन गरि निर्देशन दिन सक्ने छ ।

(३) अनुगमन समितिले आवश्यका अनुसार अनुगमन कार्यदल गठन गर्न सक्ने छ ।

(४) पटके नदी प्रवेश आदेश, उत्खनन कर्ताले राख्ने नदिजन्य पदार्थको दैनिकको उत्खनन अभिलेख, उत्खनन स्थलमा राख्नुपर्ने सुचना बोर्डको नमुना, नदीजन्य पदार्थको दैनिक विक्रि अभिलेख तेरिजको ढाचा अनुगमन समितिले निर्धारण गर्ने छ ।

(५) यस कार्यायोजनामा अन्यत्र उल्लेख गरिएको कार्यहरुको अलावा अनुगमन समितिले उत्खनन स्थल निर्धारण, क्षेत्रफल तथा गहिराइको अनुगमन र खन्न सक्ने अधिकतम गहिराइको निर्धारणजस्ता विषयहरुको निर्क्योल गर्ने छ ।

९. बिक्रि बितरण बिधिः

(१) अन्यत्र जुन सुकै कुरा लेखिएको भएता पनि कुनै आयोजनाको सम्बन्धमा सो आयोजनासंग सम्बन्धित कार्यालय वा सम्बन्धित वडा वा पालिकाबाट सिफारिश भई आएमा वा कुनै ब्यक्ति फर्म वा कम्पनीले आवश्यकता जनाई माग गरेमा गाउँप्रमुखले तोके बमोजिमको नदी जन्य पदार्थको परिमाण गाउँकार्यपालिकाको कार्यलयको राजश्व शाखामा लाग्ने दस्तुर जम्मा गरी लैजान सक्ने छन् । यसरी नदीजन्य पदार्थ उपलब्ध गराउँदा राष्ट्रिय प्रथमिकता प्राप्त आयोजनाहरुलाई पहिलो प्राथमिकतामा राख्नु पर्ने छ ।

(२) उत्खनन, संकलन तथा वितरणको परिमाणको अभिलेख राख्न गाउँपालिका प्रमुखले उत्खनन स्थलमा आवश्यकता अनुसार कर्मचारी खटाउन सक्ने छ।

१०. बिक्रि बितरण दस्तुरः

(१) नदी जन्य पदार्थको दस्तुर गाउँसभाबाट स्वीकृत दरमा लाग्ने छ ।

११. घाट गद्दी सम्बन्धि व्यवस्था र स्थलः

(१) भण्डारण र घाटगद्दी सम्बन्धि व्यवस्था र स्थल अनुगमन समितिले निर्धारण गर्ने छ ।

१२. विविधः

(क) यस कार्ययोजनामा विरोधाभाष उत्पन्न भएमा गाउँकार्यपालिकाले व्याख्या गरि वाधा अड्काउ फुकाउन सक्ने छ

१३. विशेष ब्यवस्थाः

(१) माथिका दफाहरुमा जुनसुकै कुरो लेखिएता पनि गाउँपालिकाबाट सञ्चालित आयोजनामा पाइएको नदीजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा तथा बहत्तर वहत्तर) तथा कुनै बहुमुल्य पत्थर, धातु, काठ, दाउराको प्राविधिक निवेदनको आधारमा गाउँ कार्यपालिकाले उचित व्यवस्थापन गर्न सक्ने छ ।

१४. नियमावली, कार्यविधि, मापबण्ड र कार्ययोजना बनाउने सक्नेः

(१) गाउँकार्यपालिकाले यस ऐन बमोजिम नियमावली, कार्यविधि, मापदण्ड र कार्ययोजना बनाउन सक्ने छ ।

**आज्ञाले**

**छवीलाल राई**

**प्रमुख प्रशासकीय अधिकृत**